[illegible] सरकार

# मध्यबिन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## चोरमारा, नवलपरासी

## कर उठाउने ठेक्का सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०७५/३/१५)**

यस नगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानहरुमा आ.व.०७५/०७६ अवधी का लागि तपसिल बमोजिम प्रतिस्पर्धाका आधारमा कर उठाउन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलको शर्तहरुको अधिनमा रही नेपाली नागरिक, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तोकिए बमोजिमका शिलबन्दी ठेक्का आवेदन फाराम भरी पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का | विवरण | न्यूनतम ठेक्का रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने मिति र समय | बोलपत्र खोल्ने मिति र समय | बोलपत्र खोल्ने स्था |
|---|---|---|---|---|---|---|---|
| १ | शनिबार लाग्ने हाटबजार ठेक्का मध्यविन्दु न.पा.वडा नं. ७ | २,२५,०००।- | ३००।- | १५ औ दिन कार्यालय समय सम्म | १६ औ दिनको १२ बजे सम्म | १६ औ दिनको १ बजे सम्म | मध्यविन्दु न.पा. कार्याल |
| २ | मंगलबार लाग्ने हाटबजार ठेक्का मध्यविन्दु न.पा.वडा नं. ७ | १,५०,०००/- | " | " | " | " | " |
| ३ | आईतबार र बुधवार लाग्ने हाटवजार ठेक्का मध्यविन्दु न.पा.वडा नं. १० | २,२५,०००/- | " | " | " | " | " |
| ४ | शुक्रवार लाग्ने हाटवजार ठेक्का मध्यविन्दु न.पा.वडा नं.३,इटौरा | १,५०,०००/- | " | " | " | " | " |
| ५ | बुधबार लाग्ने हाटबजार ठेक्का मध्यविन्दु न.पा.वडा नं. ४ पनौती | ३०,०००/- | " | " | " | " | " |
| ६ | मंगलबार लाग्ने हाटवजार ठेक्का मध्यविन्दु न.पा.वडा नं.१५ हर्वास्टार | २०,०००/- | " | " | " | " | " |
| ७ | सडक उपयोग सेवा शुल्क, चोरमारा बजार हुदै आलोक चक्रपथ दक्षिण कोल्हुवा प्रवेश गर्ने नाका | २,००,०००/- | " | " | " | " | " |
| ८ | सडक उपयोग सेवा शुल्क,चोरमारा बजारवाट भ्यालवास एव मैनाघाट तर्फ प्रवेश गर्ने नाका | ३,००,०००/- | " | " | " | " | " |
| ९ | सडक उपयोग सेवा शुल्क,अरुणखोला वजार देखी तमासपुर भु.पु. सडक | १,५०,०००/- | " | " | " | " | " |
| १० | सडक उपयोग सेवा शुल्क,अरुणखोला राकाचुली मित्याल सडक | १,००,०००/- | " | " | " | " | " |
| ११ | सडक उपयोग सेवा शुल्क,अरुणखोला बजार पुल पुर्व दमार रामपुर एवं अरुणखोला भेडावारी | ३,००,०००/- | " | " | " | " | " |
| १२ | सडक उपयोग सेवा शुल्क,अरुणखोला बाहुनीकुना चोक फुलबारी,चौरङ्गी एवं पुर्व पश्चिम राजमार्गबाट प्रसौनी प्रवेश गर्ने अन्य नाका समेत | १,५०,०००/- | " | " | " | " | " |
| १३ | कावासोती नगरपालिका वडा नं.१७ (ढोकी र चिसापानी) वाट मंध्यविन्दु वार्ड नं.१ गुणचरी र सेतापानी प्रवेश गर्ने नाका | १००,०००/- | " | " | " | " | " |

शिवराज रेग्मी  
प्रमुख प्रशासकीय अधिकृत

१. प्रत्येक ठेक्कामा छुट्टा छुट्टै कबुल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक कावासोती स्थित धरौटी खाता नं. ३२००३०३००७१०३ मा रकम जम्मा गरेको सक्कली बैंक भौचर, नेपाली नागरिकताको प्रतिलिपी र फर्मको हकमा प्यान दर्ता प्रमाणपत्र, इजाजत पत्र समेतको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२. आवेदन फारम भर्दा आफूले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी खामबन्दी गरी शिल लाह छाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना र ठेक्का नं. लेखि बोलपत्र फारम दर्ता गराउनु पर्नेछ ।

३. फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य भोली पल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. सबभन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिनेछ ।

६. स्वीकृत पश्चात ७ दिन भित्र सम्झौता गर्न आउदा कबोल रकम यस कार्यालयको रा.वा.बैं. कावासोतीको खाता नं. ३२००३०४०१८१०३ मा रकम जम्मा गरेको सक्कली बैंक भौचर वा नगरपालिकाको कार्यालयमा नगद तिरेको रसिद, पेश गर्नु पर्नेछ,

७. कर उठाउन लाग्ने सम्पूर्ण खर्च तथा राजस्व तथा कर स्वयम ठेकेदारले व्यहोर्नु पर्नेछ ।

८. बन्द हड्ताल वा अन्य कुनै कारण देखाइ ठेक्का सकार रकममा कुनै छुट दिईने छैन ।

९. ठेकेदारले नगरसभाबाट स्वीकृत दर अनुसार कर उठाउनु पर्नेछ ।

१०. ठेकेदारले ठेक्का संचालन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम गर्नु पर्नेछ ।

११. स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिका को कार्यालयमा मा निहित रहनेछ ।

१२. केरमेट भएको सहि छाप नभएको म्याद नाघी दर्ता हुन आएको निवेदन स्वीकृत गरिने छैन ।

१३. निवेदक तथा नगरपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१४. दर्ता हुन आएका सिलबन्दी आवेदन फारम खोल्दा सम्वन्धित प्रतिनिधिहरुको रोवहरमा खोलिनेछ । उक्त समयमा आवेदक वा निजको प्रतिनिधी उपस्थित नभए पनि आवेदन खोल्न वाधा पर्ने छैन ।

१५. ठेक्का सम्वन्धी अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. थप जानकारीको लागि मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।

२०७८।६।१५

शिवराज सेढाई
प्रमुख प्रशासकीय अधिकृत